उच्च अदालत पाटनबाट
२०७३।०१।०१ ... ९०८ ... नक्कल ...
०८०।१०।१०

श्री पुनरावेदन अदालत पाटन

संयुक्त इजलास

माननीय न्यायाधीश श्री अली अकवर मिकरानी

माननीय न्यायाधीश श्री जनार्दन बहादुर खड्का

**बाट भएको फैसला**

सम्वत २०६२ सालको फौ.पु.नं.----------------------३१२/८८४

मुद्दा :- लागु औषध खैरो हिरोइन ।

प्रहरी प्रतिवेदनले नेपाल सरकार ---------------------------- पुनरावेदक /वादी

विरुद्ध :-

सर्लाही जिल्ला साखापुर गा.वि.स.वडा नं.१ घर हुने दावा लामा--- प्रत्यर्थी/प्रतिवादी

न्याय प्रशासन ऐन,२०४८ को दफा ८(१) वमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएकोप्रस्तुत मुद्दाको सैंक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

मिति ०६१।४।८ गतेका दिन का.जि.का.म.न.पा.वडा नं.१६ स्थित वालाजु वनस्थली चोक नजिकवाट अवैध लागु औषध खैरो हिरोइन ५ ग्राम सहित दावा लामा पक्राउ परेको ठिक साँचो हो भन्ने समेत व्यहोराको मिति ०६१।४।८ गतेको वरामदी मुचुल्का ।

सुराकीको जानकारी अनुसार निजको सुराक लगाई कानूनी वमोजिम पक्राउ गरी निजको शरिर तलासी लिंदा दावा लामाको साथवाट ५ ग्राम ला.औ.खैरो हिरोइन फेला परेकोले सो फेसला परेको ला.औ. कानून वमोजिम वरामद गरी सो वरामद ला.औ. विक्री वितरणका लागि साथमा वोकी हिडेको हो भनी वताउने वर्ष २० को दावा लामालाई पक्राउ गरी वरामद ला.औ. सहित दाखिल गर्न ल्याएका छौं निजले सो वरामद ला.औ.के कहांवाट के कसरी ल्याई विक्री वितरण समेतको कार्य गर्दै आएका

म वाट लागु औषध वरामद भएको होइन मेरोसाथी नविन लामा संग म वनस्थलिमा खाजा खान गएको थिएँ । निजसंग ला.औं.खैरो हेरोईन को प्याकेट रहेछ सो कुरा थाहा पाई प्रहरी त्यहाँ आई निजलाई पक्राउ गरी ला.औं. वरामद गरी निजलाई कुटपिट गरि छाडी दिए र मलाई समाते । प्रहरी समक्ष गरेको वयान मेरो होइन । जवरजस्ती संग झुठ्ठा व्यहोरालेखिएको कागजमा सहीछाप गराएका हुन् मलाई पढ्न समेत दिइएन । ला.औ. कारोवारमा मेरो कुनै संलग्नंता नै नभएको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्र.दावा लामाले अदालत समक्ष गरेको वयान ।

मुलुकी ऐन,अ.वं.१२१ नं.वमोजिमको थुनुवा पूर्जि समेत दिई थुनामा राख्न कारागार शाखामा पठाई दिनु भन्ने समेत व्यहोराको थुनछेक आदेश ।

मिति ०६१।४।८ गते वडा नं.१६ वालाजु चोकमा प्रतिवादी दावा लामाले ५ ग्राम खैरो हेरोइन विक्री वितरणका लागि लिई हिडेको होइन । दावा लामाले लागु औषध सेवन गरेको देखेको छैंन भन्ने समेत व्यहोराको प्र.दावा लामाका साक्षी फुर्सङ्ग लामाले गरेको वकपत्र ।

प्रतिवादीको साथवाट ५ ग्राम ला.औ. खैरो हेरोईन वरामद भएको हो । उक्त ला.औ.कुन प्रयोजनको लागि को कहाँवाट ल्याएका हुन् मलाई थाहा भएन भन्ने समेत व्यहोराको वुझीएका मानीस होम विक्रम कार्कीको वकपत्र ।

दावा लामाको संग साथ वाट फेला परी वरामद भएको हो भन्ने एकै मिलान व्यहोराको प्रहरी प्रतिवेदक सुरेन्द्र वहादुर चन्द र रोहवरमा काम गर्ने रिता वरालले गरेको वकपत्र ।

वरामद भएको ५ ग्राम लागु औषध लागु औषध कारोवारको लागि प्रर्याप्त हो भनी भन्न नसकिने र प्रतिवादीले कहिले काही सेवन गर्ने गरेको भन्ने कुरा समेत निजको वयानवाट देखिएकोले यी प्रतिवादीको सेवन सम्मको कसुर कायम हुन सक्ने यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४ (छ) को कसुरमा ऐ.को दफा १४ (१) (ङ) वमोजिम ६ महिना कैद हुने ठर्हछ भन्ने शुरु काठमाडौं जिल्ला अदालतको मिति ०६२।२।१० को फैसला ।

का.जि.अ.ले प्रतिवादी सेवन कायम गरी सजाय गर्दा लिईएका प्रमाणहरु प्रमाण ऐन,२०३१ को दफा ९ (२) को अवस्थाको विद्यमानतां भएको पुष्टि नभएको अवस्थामा प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती वयानलाई प्रमाणमा लिनु पर्नेमा नलिई सेवन मात्र ठहर्‍याएको फैसला त्रुटीपूर्ण हुँदा सो हदसम्म वदर गरी प्रतिवादीलाई अभियोग माग दावी वमोजिम सजाय गरी पाउं भन्ने नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा प्रतिवादीवाट ५ ग्राम लागु औषध खैरो हिरोइन वरामद भएको सोवरामद भएको लागु औषध नविन लामा र हरिपाठक संग मिले र विरगन्ज वस्ने प्रमुख भन्ने व्यक्तिसंग खरिद गरि वनस्थली चोकमा विक्री गर्ने ग्राहकको प्रतिक्षामा वसेको अवस्था पक्राउपरेको भन्ने अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादीले गरेको वयानवाट खुल्न

आएको र सेवन गर्ने उद्देश्यले उक्त बरामद भएको लागु औषध आफु साथ राखेको भनी प्रतिवादीले अदालतमा बयान गर्दा लेखाउन नसकेको अवस्थामा सेवन गरेको भनी प्रतिवादीलाई कम सजाय गर्ने गरेको शुरुको फैसला नमिली फरक पर्न सक्ने हुँदा छलफलको लागि अ.वं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली,२०४८ को नियम ४७ वमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६३।९।२ आदेश ।

## यस अदालतको ठहर

नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी तथा नेपाल सरकारका तर्फवाट उपस्थित पुनरावेदन सरकारी वकिल कार्यालयका उपन्यायाधीवक्ता श्री लक्ष्मीराम ढुंगानाको बहस समेत सुनी निर्णय तर्फ विचार गर्दा यस्मा काठमाडौं जिल्ला अदालतको फैसला मिले नमिलेको के हो र नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन सो सम्वन्धमा निर्णय दिनु पर्ने हुन आएको छ ।

यसमा प्रतिवादी दावा लामालाई लागू औषध (नियन्त्रण) ऐन ,२०३३ को दफा ३ घ) (ङ) र (च) को कसुरमा ऐ.ऐनको दफा १४(१) (६) (१) वमोजिम सजाय हुन माग दावी भएको मुद्दामा सेवन मात्रको अपराध ठहर गरी शुरु काठमाडौं जिल्ला अदालतवाट भएको फैसला उपर चित्त नवुझी अभियोग माग दावी वमोजिम सजाय गरी पाउ भन्ने समेत नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोप्रस्तुत मुद्दामा निज प्रतिवादीले अख्तियार प्राप्त अधिकारी समक्ष गरेको वयानमा प्रतिवादी आफु लागु औषध वैरो हिरोइन विक्री गर्नु पर्छ भनी राखेको कुरामा सावित वयान दिएको र प्रतिवादीले लागु औषध हिरोइन सेवन गर्ने गरेको प्रमाणवाट पुष्टी नभएको प्रतिवादीले वेच विखन संचय गर्ने गरेको पुष्टि भएको हुँदा काठमाडौं जिल्ला अदालतवाट सेवन सम्म ठहर गरी ऐ.ऐनको १४ (१) नं.वमोजिम कैद ६ महिना हुने गरी मिति ०६२।२।१८ मा भएकोफैसला नमिलेको हुँदा उल्टी भै प्रतिवादी दावा लामालाई लागु औषध नियन्त्रण ऐन,२०३३ को दफा १४ (१) ६ (१) वमोजिम ५ वर्ष कैद र पाँच हजार रुपैया जरिवाना हुने ठहर्छ । सो ठहर्नाले अरु तपसिल वमोजिम गर्नु ।

## तपसिल

प्रतिवादी दावालामा के माथी इन्साफ खण्डमा लेखिए वमोजिम ५ वर्ष कैद र पाँच हजार रुपैया जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति ०६१।४।८ देखि ०६२।२।१० सम्म थुनामा रहेको देखिदा उक्त थुनामा रहेको अवधि १० महिना २ दिन कैदवाट कट्टी गरी वाँकी अवधि ४ वर्ष १ महिना २८ दिन र रु.५,०००।- जरिवानाको लगत कसी असूल उपरगर्नु भनी शुरु जिल्ला अदालतमा लेखी पठाई दिनु ---------१

यस इन्साफमा चित्त नवुझे ७० दिन भित्रं श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनीप्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ---------------------------------२
नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार नक्कल दिनु-------------------३
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा वुझाई दिनु ----४

(अली अकवर मिकरानी)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

( जनार्दन बहादुर खड्का )
न्यायाधीश

ईति सम्वत २०६४ साल जेष्ठ २० गते रोज १ शुभम्-----------------------------